नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

मध्य बानेश्वर, काठमाडौं, नेपाल

फोन : +९७७-१-४५९८०१३/१४

वेबसाइट www.aepc.gov.np

# सौर्य सिंचाइ प्रणाली जडानका लागि आवेदन आव्हान सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८१ साउन ११, आवेदन बुझाउने अन्तिम मितिः २०८१ भदौ १२ (कार्यालय समय भित्र)**

नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र तथा जर्मन सहयोग नियोग अन्तर्गत KFW को आर्थिक सहयोगमा यस केन्द्रद्धारा सञ्चालित आयोजना "Promotion of Solar Energy in Rural and Semi-urban Regions of Nepal" अन्तर्गत सौर्य सिंचाइ प्रणाली (सोलार पम्पिङ्ग सिस्टम) जडानका लागि आवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क स | कार्यकमको विवरण | आवेदन पेश गर्ने | आवश्यक कागजातहरु |
|---|---|---|---|
| १ | सामुदायिक सिंचाइको लागि सौर्य पम्प जडान | १. पानीको श्रोत कुनै पनि माध्यमवाट विद्युत वितरण सेवा उपलब्ध स्थानबाट ३०० मिटर भन्दा टाढा रहेको सम्बन्धित पालिकाबाट सिफारिस ।<br>२. कूल लागतको ४० प्रतिशत रकमको प्रतिवद्धता सम्बन्धित पालिकाबाट उल्लेख हुनुपर्ने । | १. उपभोक्ता समितिले गरेको निर्णयको प्रतिलिपी (वैठक माइनुट) ।<br>२. लाभान्वित कृषकहरुको नाम र जग्गाको क्षेत्रफल उल्लेख गरिएको पत्र ।<br>३. कृषकहरुको नागरिकताको छायाँप्रति ।<br>४. जग्गा भाडामा लिएको भए जग्गाको भोगाधिकार खुल्ने स्थानीय तहले सिफारीस गरेको सम्झौताको छायाँप्रति ।<br>५. सम्वन्धित स्थानीय तहको सिफारीश । |

माथि उल्लेखित सौर्य ऊर्जामा आधारित सामुदायिक सिंचाइ प्रणाली जडान गर्न इच्छुक उपभोक्ता समिति वा समुदायबाट आवश्यक कागजातहरु संलग्न गरी यस केन्द्रले तयार पारेको माग फारममा उल्लेखित विवरण सहित सम्वन्धित पालिकाले यस केन्द्रको कार्यालय अथवा इमेल ठेगाना sipmedium2081@gmail.com मा आवेदन पेश गर्नुपर्नेछ । तोकिएको आवश्यक न्यूनतम योग्यता र माग फारम केन्द्रको माथि उल्लेखित ठेगाना वा केन्द्रको वेबसाइटबाट प्राप्त गर्न सकिनेछ । उक्त कार्यकम नवीकरणीय ऊर्जा अनुदान नीति २०७८ तथा नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि २०७९ (यस केन्द्रको वेबसाइटमा उपलब्ध) बमोजिम कार्यान्वयन गरिनेछ ।

- थप जानकारीको लागी
⇒9862160720
चुलाचुली गाउँपालिका
इलाम

**समुदायमा आधारित सिंचाइको लागि सौर्य पम्पिङ्ग प्रणाली जडानको आवेदन दिदा ध्यान दिनुपर्ने कुराहरु:**

१.समुदायमा आधारित उपभोक्ता समूह वा कृषि सहकारी संस्थाले सौर्य पम्पिङ्ग प्रणाली जडानका लागि आवेदन दिन सक्नेछन् ।

२.बिद्युतको पहुँच नभएका (बिद्युत वितरण लाईनबाट स्रोत कम्तिमा ३०० मिटर टाढा भएका) कृषि योग्य जमीन भएका उपभोक्ता समूह वा कृषि सहकारी यस प्रणाली जडानको लागि योग्य हुनेछन् ।

३.आवेदकको विस्तृत जानकारीको साथै आवश्यक कागजातहरू पेश गर्नुपर्नेछ । परियोजना स्थलको ठेगाना, सम्पर्क नम्बर, सिंचाइ हुने जग्गाको क्षेत्रफल सम्वन्धि जानकारी उपलब्ध गराउनुपर्नेछ । नागरिकता प्रमाणपत्रको छायाँप्रति, दर्ता भएको उपभोक्ता समिति वा सहकारीको हकमा दर्ता प्रमाणपत्रको छायाँप्रति तथा गत आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको छायाँप्रति, जग्गाधनी प्रमाणपत्रको छायाँप्रति, जग्गा लीज/भाडामा लिएको भए कम्तीमा ५ वर्षको लागि गरीएको जग्गाको भोगाधिकार खुल्ने स्थानीय तहले सिफारीस गरेको सम्झौताको छायाँप्रति आदि कागजातहरू समेत संलग्न गरी पेश गर्नुपर्नेछ ।

४.इच्छुक उपभोक्ता समूह वा सहकारीले एउटा मात्र सौर्य पम्पिङ्ग प्रणालीको लागि आवेदन पेश गर्न सक्नेछन् ।

५. इच्छुक उपभोक्ता समूह वा सहकारीले केन्द्रबाट यस अघि कृषि सिंचाइका लागि सौर्य पम्पिङ्ग प्रणाली जडान बापत प्राप्त नगरेको हुनुपर्नेछ ।

६. इच्छुक उपभोक्ता समूह वा सहकारीले सौर्य पम्पिङ्ग प्रणालीको माग गर्ने विषयमा वैठक बसी गरीएको निर्णयको प्रतिलिपि तयार गरी पेश गर्नुपर्नेछ ।

७.माग फारमको प्रत्येक पृष्ठमा विधिवत रूपमा हस्ताक्षर र छाप लगाइएको हुनुपर्छ । सौर्य पम्पिङ्ग प्रणाली मागको लागि सम्बन्धित स्थानीय तहबाट सिफारिस गरीएको हुनुपर्नेछ ।

८. यस केन्द्रले नवीकरणीय ऊर्जा अनुदान नीति २०७८ को प्रावधान अनुसार प्रणाली जडानको लागि कुल लागतको अधिकतम ६० प्रतिशतसम्म रु २० लाख नबढ्ने गरी अनुदान उपलब्ध गराउनेछ ।

९.प्रणाली जडानको लागि अनुदान बाहेकको रकमको सुनिश्चितता सम्बन्धित उपभोक्ता समुह/सहकारी/स्थानीय तह बाट गरी सोको प्रतिवद्धता निवेदन फारममा उल्लेख हुनुपर्नेछ । स्थानीय तहबाट सिफारिस गर्दा उक्त सौर्य सिंचाइ प्रणालीले हाल भईरहेको वा निकट भविष्यमा प्रयोग हुन सक्ने डिजेल पम्पलाई प्रतिस्थापन गर्ने कुराको प्रमाणिकिकरण अनिवार्य रुपमा गरिएको हुनुपर्नेछ ।

१०.माथि उल्लेख भएका शर्तहरुमा आधारीत भई यस सूचना बमोजिम स्थानीय तहहरुले मागको आधारमा उपभोक्ताहरु वा सहकारी सदस्यहरुको नामावली तथा माग सिफारिस प्राथमिकीकरण गरेर केन्द्रमा उपलब्ध गराउन सक्नेछन् ।

**आवश्यक कागजातहरु :**

**सामुदायिक सिंचाइको हकमा :**
१. उपभोक्ता समितिले गरेको निर्णयको प्रतिलिपी (वैठक माइनुट) ।
२. लाभान्वित कृषकको नाम र जग्गाको क्षेत्रफल उल्लेख गरिएको सारांश पत्र ।
३. कृषकहरुको नागरिकताको छायाँप्रति ।
४. जग्गा भाडामा लिएको भए जग्गाको भोगाधिकार खुल्ने स्थानीय तहले सिफारीस गरेको सम्झौताको छायाँप्रति ।
५. सम्वन्धित स्थानीय तहको कम्तिमा ४०% लागत साझेदारीको प्रतिवद्धता पत्र।

**आवेदन पेश गर्ने ठेगाना :**
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
मध्य बानेश्वर, काठमाडौं ।
फोन नं: ०१–४५९८०१३/१४
पो.ब.नं: १४३६४
Email: sipmedium2081@gmail.com